# प्रेस विज्ञप्ति- २६१

# Press Release-261

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७६।०४।०५ गते।

## लागू औषध एम्फेटामाईन (ICE) सहित बिदेशी नागरीक पक्राउ

मिति २०७६।०४।०३ गते १३:३० बजेको समयमा लागू औषध नियन्त्रण व्यूरो, शाखा कार्यालय त्रि.अ.वि. ले त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलको प्रस्थान तर्फ रहेको यात्रुहरुको झोला चेक जाँच गर्ने स्थानमा एयर इण्डियाको उडान नं. **AI 216** बाट भारतको दिल्ली हुँदै जापान जान लागेका **पोर्चुगिज नागरिक, पासपोर्ट नं. CA 701292 बाहक बर्ष २५ का TIAGO MENDES PEREIRA** पुरुष व्यक्तिले साथमा ल्याएका झोलाहरू B साईडको १ नं एक्सरे मेसिनमा जाँच गर्दा उक्त झोलाहरु मध्ये The North Face लेखिएको कालो, खैरो र निलो रङ्को पछाडि भिरेर बोक्ने कपडाको झोला भित्र सानो-सानो प्याकेट जस्तो वस्तु देखिएकोले लागू औषध हुन सक्ने आशंका गरी झोला मेसिनबाट बाहिर निकाली चेक जाँच गर्दा बिभिन्न २७ वटा कागजका बक्सहरुमा माथि रुमाल, टाई र त्यस मुनि फल्स बटम बनाई सानो-सानो प्याकेट भित्र लुकाई छिपाई लैजान लागेको **लागू औषध, AMPHETAMINE (ICE), ४ के.जी. २०० ग्राम** सहित निजलाई पक्राउ गरी आवश्यक अनुसन्धान भई रहेको।

बरामद लागू औषध AMPHETAMINE को *अबैध बजार मुल्य चार करोड* भन्दा बढी रहेको र हाल सम्मकै ठूलो परिमाणमा पक्राउ गरीएको, अन्य आवश्यक अनुसन्धान कार्य भईरहेको ब्यहोरा जानकारीका लागि अनुरोध।

●●●

फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com


TIAGO MENDES PEREIRA





AMPHATAMINE




Rest Room
लागू औषध नियन्त्रण ब्यूरो
GOVERNMENT OF NEPAL
MINISTRY OF HOME AFFAIRS
Narcotics Control Bureau
लागू औषध नियन्त्रण ब्यूरो
ESTD:1992
काठमाण्डौ
लागू औषध अपराधको गोप्य सूचना प्रहरीलाई !


लागू औषध नियन्त्रण ब्यूरो

